कुनै अनधिकृत कार्य गराएको, आफूले गर्नुपर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारीकहाँ पठाई आफ्नो उत्तरदायित्व पन्छाएको, आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कुनै पदीय कर्तव्य पालन नगरेको, आफ्नो मातहतमा रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई अनुचित दबाब दिई वा प्रलोभनमा पारी आफ्नो अनुकूलको काम गराएको र आफूलाई पदीय हैसियतले प्राप्त उन्मुक्ति, सुविधा वा सहुलियतको दुरुपयोग गरेको कार्यलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले अनुचित कार्य मानेको छ।

## कुन कुन अवस्थामा आयोगमा सम्पर्क गर्नुपर्छ ?

- सार्वजनिक निकायमा अनुचित वा भ्रष्टाचारजन्य कार्य हुन लागेको शंका लागेमा वा भ्रष्टाचार भएको देखेमा जुन सुकै माध्यमबाट पनि आयोग वा आयोगका कुनै क्षेत्रीय कार्यालयमा सम्पर्क गरी सूचना दिनु पर्दछ।
- आज कोही भ्रष्टाचारीको फन्दामा परेको छैन भने पनि कुनै पनि समयमा जो कोही त्यसको फन्दामा पर्न सक्ने हुँनाले आफूलाई मर्का परेको छैन भनी भ्रष्टाचारजन्य कार्य भएको थाहा नपाएजस्तो गर्ने र भ्रटाचारीलाई बचाउने तर्फ लाग्नु हुँदैन।
- के कस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो भन्ने विषयमा जानकारी हासिल गरी भ्रष्टाचारजन्य क्रियाकलापबाट आफू मुक्त रही आफू बसेको समाजमा यस्ता क्रियाकलापहरू हुन नपाउन भनी सचेत रहनुहोस्।
- भ्रष्टाचारीलाई कारवाही गराउन समयमै तथ्यपूर्ण उजुरी दिने बानी बसाली सूचना दिई सहयोग गर्नुहोस्।

**भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता कायम गरौ !!**

## सूचना कहाँ र कसरी दिने ?

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौ तथा आयोगका पाँचवटै क्षेत्रमा रहेका क्षेत्रीय कार्यालयहरूमा उजुरी र सूचना दिनु परेमा आफैं उपस्थित भै वा हुलाक मार्फत वा आयोगबाट राखिएका उजुरी पेटिका मार्फत वा निम्न माध्यमबाट उजुरी तथा सूचना दिन सकिन्छ।

टेलिफोन : ०१-४४४०१५१, ४४३२७०८
फ्याक्स : ०१-४४४०१०४, ४४४०१२८
प्रवक्ता : ०१-४४४०१७७
टोल फ्री नम्बर : १६६०-०१-२२२३३, (यो नम्बरमा फोन गर्दा कुनै शुल्क लाग्दैन)

Email : *akhtiyar@ ntc.net.np*
*Facebook page : www.facebook.com/nepalciaa*
*web page: www.ciaa.gov.np*

### आयोगका क्षेत्रीय कार्यालयहरू:

पूर्वाञ्चल क्षेत्रीय कार्यालय, धनकुटा
फोन, फ्याक्स : ०२६-५२१६०६
सम्पर्क कार्यालय, इटहरी, फोन : ०२५-५८६९७०

मध्यमाञ्चल क्षेत्रीय कार्यालय, हेटौडा
फोन : ०५७-५२१६५५, ५२१७४४, ५२३२७७
फ्याक्स : ०५७-५२०३६९

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा
फोन : ०६१-५४०४५०, ५४०४५१
फ्याक्स : ०६१-५४०४५२
सम्पर्क कार्यालय, बुटवल, फोन : ०७१-४३८९७७

मध्यपश्चिमान्चल क्षेत्रीय कार्यालय, सुर्खेत
फोन : ०८३-५२१९६०
फ्याक्स : ०८३-५२३८८४

सुदूरपश्चिमान्चल क्षेत्रीय कार्यालय, दिपायल
फोन ०९४-४४०१५६
सम्पर्क कार्यालय, महेन्द्रनगर, फोन : ०९९-५२१११७

आयोग सम्बन्धी विविध गतिविधिको जानकारी आयोगको *web page: www.ciaa.gov.np* बाट प्राप्त गर्न सकिन्छ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## एक परिचय



**सदाचार ! निष्पक्षता ! निडरता !**

### आयोगको प्राथमिकता :

- भ्रष्टाचार विरुद्ध शून्य-सहनशीलता कायम गर्दै, सुशासन, जनउत्तरदायी सेवा एवं विकास निर्माणको प्रवर्द्धन गर्ने, गराउने।
- जिम्मेवारी पन्छाउने तथा निर्णय नगर्ने प्रवृत्ति पनि एक किसिमको अख्तियारको दुरूपयोगजन्य कार्य भएकोले यस्तो कार्यमा संलग्न सबै पदाधिकारी उपर कारवाही गर्ने, गराउने।

**घूस लिने र दिने दुवै उत्तिकै दोषी हुन्**

## आयोगको स्थापना :

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक निकायका रूपमा वि.सं. २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको हो।

## आयोगको गठन :

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ बमोजिम आयोगमा एक जना प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरू रहने प्रावधान छ। संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिबाट आयोगका प्रमुख आयुक्त तथा अन्य आयुक्तहरूको नियुक्ति हुन्छ।

## आयोगले के काम गर्छ ?

नेपालको अन्तरिम संविधान, २०६३, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ द्वारा प्रदत्त अधिकार अनुसार आयोगले दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू गर्दछ।

### (क) दण्डात्मक कार्य :

- कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गरी भ्रष्टाचार मानिने कुनै काम गरेको पाइएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरू उपर विशेष अदालतमा मुद्दा दायर गर्ने।
- अनुचित कार्य गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय कारवाही वा अन्य कारवाहीको लागि सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउने।

### (ख) निरोधात्मक कार्य :

- जनतामा प्रवाह गरिने सेवा सुविधाको सम्बन्धमा कुन निकायबाट के कस्तो काम कारवाही हुन्छ सोको कार्यविधि निर्माण र कार्यान्वयनमा जोड दिने।
- केन्द्रीय सार्वजनिक निकाय एवं सो अन्तर्गतका निकायको आचार संहिता निर्माण गराई कार्यान्वयन गर्ने गराउने र सोको अनुगमन समेत गर्ने।
- आयोगमा कार्यरत कर्मचारीमा कार्यदक्षता अभिवृद्धि गर्न तालिम दिने।
- आयोगबाट अनुसन्धानको क्रममा देखिएका तथा सेवा प्रवाह सम्बन्धमा देखिएका विषयहरूमा नेपाल सरकारलाई नीतिगत सुझाव वा निर्देशन दिई सार्वजनिक निकायहरूलाई सजग गराउने।

### (ग) प्रवर्द्धनात्मक कार्य :

- भ्रष्टाचार विरुद्धमा जनमत श्रृजना गर्ने उद्देश्यले भ्रष्टाचार विरुद्ध लागेका संस्था, नागरिक समाज, गैरसरकारी संस्था, संचारकर्मी एवं निजी क्षेत्रसँग सहकार्य गरी गोष्ठी अन्तरक्रिया जस्ता कार्यक्रम संचालन गर्ने।
- विद्यार्थीहरूमा भ्रष्टाचार विरुद्धमा लाग्न उत्प्रेरित गर्न गराउन सामुदायिक शिक्षा कार्यक्रम संचालन गर्ने।
- समाचार, बुलेटिन, ब्रोसियर प्रकाशनको माध्यमबाट भ्रष्टाचार सम्बन्धी जानकारीमूलक सन्देश दिने।
- शनिबार साँझको ७.४५ देखि ८.०० बजेसम्म रेडियो नेपालबाट सदाचार रेडियो कार्यक्रम प्रसारण गर्ने।

## सार्वजनिक पदधारण गरेको व्यक्ति भनेको को हो ?

**सार्वजनिक पद धारण गरेको व्यक्ति** भन्नाले संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउँछ।

## सार्वजनिक संस्था भन्नाले के बुझिन्छ ?

**सार्वजनिक संस्था** भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक वा समिति वा प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, सार्वजनिक संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था, नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था, स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकाय, नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था, नेपाल सरकार वा सार्वजनिक संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्था र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था समेतलाई जनाउँछ।

## भ्रष्टाचारजन्य कार्य भनेको के हो ?

रिसवत लिने दिने, बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दान, दातव्य, उपहार वा चन्दा लिने, कमिशन लिने, राजस्व चुहावट गर्ने, गैरकानूनी लाभ वा हानी पुर्‍याउने बदनियतले काम गर्ने, गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने, गैर कानूनी व्यापार व्यवसाय गर्ने, नपाएको ओहदा पाएँ भन्ने, झूठा विवरण दिने, सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गर्ने, गैरकानूनी दबाब दिने, गलत प्रतिवेदन दिने, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गर्ने कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारजन्य कसुर मानेको छ।

## अनुचित कार्य भनेको के हो ?

आफ्नो अधिकारभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको, कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रूपले अपनाउनु पर्ने कार्यविधिको पालन नगरेको, आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश विपरीत अर्के उद्देश्य वा कार्यमा प्रयोग गरेको, आफ्नो तजविजी अधिकार बदनियतसाथ वा स्वेच्छाचारी रूपमा प्रयोग गरेको, अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दबाब दिई